# *चुरे गाउँपालिकाको आर्थिक ऐन, २०८१*

**प्रस्तावनाः** चुरे गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुटदिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनिय ( उपयुक्त) भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा(२) बमोजिम चुरे गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम चुरे गाउँपालिकाको आर्थिक ऐन २०८१ रहेको छ।

२. **सम्पत्ती करः** गाउँपालिकाका क्षेत्र भित्र अनुसुची (१) बमोजिम सम्पत्ती कर/घर जग्गामा कर लगाईने र असुल उपर गरिनेछ।

३. **भूमीकर (मालपोत)** गाउँपालिका क्षेत्र भित्र अनुसुची (२) बमोजिम भूमीकर (मालपोत) मा प्रति रोपनी ०.०५% प्रतिसतका दरले कर लगाईने छ र असुल उपर गरिनेछ।मालपोतको वक्यौता तिर्न बाँकी रहेका हरुले आर्थिक वर्षको असोज मसान्त भित्र तिरेमा जरिवाना मिनाहा गर्ने तथा त्यो भन्दा पछाडी तिर्दा एक आर्थिक बर्षको मालपोत करको बक्यौता तिर्दा १०% जरिमाना, २-५ बर्ष सम्मको १५% र पाँच बर्ष भन्दा माथि २० % जरिमाना लिईनेछ।

४. **घरवहाल करः** गाउँपालिका क्षेत्र भित्र कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिइएको अनुसूची (३) बमोजिम घरजग्गा बहाल कर लगाईनेछ र असुल गरिनेछ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुची (४) बमोजिमको व्यवसाय कर लगाईने र असुल गरिनेछ। व्यवसाय तथा समुह नविकरण नगरेमा प्रति बर्ष १०% का दरले बिलम्ब शुल्क लाग्नेछ।

६. **जडिवुटी, कवाडी, र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी बनकस, कवाडी माल, र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका मृत वा मारिएका जिवजन्तुको हाड, सिंग, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायीक कारोवार गरे वापत अनुसुची (५) बमोजिमको कर लगाईने र असुल गरिनेछ।

७. **सावारी साधन करः** गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनका अनुसुची (६) बमोजिम सवारी साधन कर लगाईनेछ र असुल गरिनेछ। तर प्रदेश कानुन स्विकृत भई सो कानुनमा अन्यथा भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसची (७) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्विकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको खण्डमा सोही बमोजिम हुनेछ।

९. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसुची (८) बमोजिम व्यवसाय कर लगाईने र असुल गरिनेछ। तर प्रदेश कानुन स्विकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको खण्डमा सोही बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसुची (९) मा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसुचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ।

११.**पार्किङ शुल्कः** गाउँपालिका क्षेत्र भित्र कुनै सावारी साधनलाई पार्कीङ सुविधा उपलब्ध गराए बाफत अनुसची (१०) बमोजिम पार्किङ शुल्क लगाईने र असुल गरिनेछ।

१२.**सेवा शुल्क तथा दस्तुरः** गाउँपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेको अनुसुची (११) मा उल्लेखि स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्रहीबाट सोही अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल गरिनेछ।

१३.**सामुदायिक/निजी वन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका सामुदायिक वनहरुबाट अनुसूची (१२) मा उल्लेखित दरमा शुल्क लागाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको खण्डमा सोही बमोजिम हुनेछ।

१४.**निर्माण व्यवसायी करः** गाउँपालिकाले अनुसूची १३ बमोजिम निर्माण व्यवसायी कर असुल गरिनेछ।

१५.**कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१६. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

धन्यावाद।